**साना जल विद्युत   कार्यक्रम २०७१/७२**

आर्थिक बर्ष २०७१/७२ को स्वीकृत कार्यक्रम अनुसार साना जल विद्युत आयोजनाको तथ्यांक संकलनका साथै समस्या पहिचान हेतु लम्जुंग स्थित तीनओटा साना जल विधुत आयोजनाहरुको (जस्तै राधी, साघे, खुदी) स्थलगत भ्रमण गरियो। उक्त भ्रमणका क्रममा समस्या पहिचानका साथै हालै गएको विनासकारी भूकम्पले परेको नोक्सानीको बिवरण समेत विश्लेषण गरियो ।



चित्र१ : साना जल विद्युत योजनाको भ्रमण।

त्यस्तै गरी सोहि कार्यक्रम अन्तर्गतको साना जल विद्युत परिक्षण प्रयोगशाला परियोजनाको परिक्षण प्रयोगशाला भवन निर्माण कार्यको सिलंयाश समेत गरी सो प्रयोगशाला भवन निर्माण गरियो। उक्त परियोजना अन्तर्गतको विभिन्न साना उपकरणको खरिद गरियो भने ठुला परिक्षण उपकरण खरिदको कार्यलाई पनि अगाडी बढाई टेण्डर स्वीकृतिको लागी सिफारिस गरियो।



चित्र२ : साना जल विद्युत परीक्षण प्रयोगशाला भवनको भित्रको चित्र।



चित्र३ : साना जल विद्युत परीक्षण प्रयोगशाला भवनको बाहिरको चित्र।

साना जल विधुत परिक्षण प्रयोगशालाको कार्य संचालनका प्रमुख अनुसन्धानकर्ताको कार्यदक्षता अभीबृधि गर्ने हेतु ITEC Program अनुरुप 'Renewable Energy and Energy Efficiency' कार्यक्रममा गइ भारतको रूर्कीमा स्थित Alternative Hydro Energy Center (AHEC) प्रयोगशालाको भ्रमण तथा देहरादुन स्थित विभिन्न जल विद्युत आयोजनाहरुको स्थलगत भ्रमण समेत गरियो ।




चित्र४ : IIT रुर्की, इंडियाको साना जल विद्युत परीक्षण प्रयोगशाला भ्रमणको क्रममा।